भगवतीमाई गाउँपालिका
Bhagawatimai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
पगनाथ, दैलेख
Paganath, Dailekh
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

मिति : २०७५।११।१६

## हार्दिक श्रद्धाञ्जली

मिति २०७५ साल फागुन १५ गते दिउँसो १ बजेतिर ताप्लेजुङ्ग जिल्ला फुङलिङ नगरपालिका १० सिस्नेभिरमा एयर डाइनेष्टिफो हेलिकप्टर दुर्घटनामा परी संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री माननीय रविन्द्र प्रसाद अधिकारीका साथै यति एयर लायन्सका प्रबन्ध निर्देशक श्री आङछिरिङ शेर्पा, नेपाल नागरिक उड्ययन प्राधिकरणका उप महानिर्देशक श्री विरेन्द्रप्रसाद श्रेष्ठ, नेपाल नागरिक उड्ययन प्राधिकरणका निर्देशक ईन्जिनियर ध्रुवदास भोछीभया, प्रधानमन्त्री कार्यालयका उपसचिव युवराज दाहाल, हेलिकप्टरका चालक प्रभाकर के.सी. र मन्त्रीका अंगरक्षक अर्जुन घिमिरेको निधन भएको खबर हामी मर्माहक भएका छौं ।

यस दुर्घटनाबाट मुलुकलाई अतुलनीय क्षति भएको छ । मुलुकले जनता र विकासप्रति सदैव समर्पित योग्य र सदाचारी जनप्रतिनिधि गुमाएको छ । देशले होनाहार सन्तानहरु गुमाएको छ । दुखद घटनामा ज्यान गुमाउने सातै जना प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै सातै जनाको शोकाकुल परिवारप्रति हार्दक समवेदना प्रकट गर्दै इश्वरले धर्यै धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं ।